भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. : २०७६।०७७
च.नं. : ३८५८

मिति :२०७६।११।०१

विषय : सुत्केरी हुने महिलाका लागि निशुल्क एम्बुलेन्स/यातायात खर्च प्रदान गर्ने सम्वन्धमा।

श्री सवै वडा कार्यालयहरु
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा यस भरतपुर महानगरपालिकाको मिति २०७६।०९।०७ को कार्यपालिकाको वैठक अनुसार सुत्केरी हुने महिलाका लागि निःशुल्क एम्बुलेन्स/यातायात खर्च प्रदान गर्ने कार्यविधि २०७६ स्वीकृत भएको र उक्त कार्यविधि अनुसार तपसिल अनुसार सम्वन्धित वडा कार्यालयबाट एम्बुलेन्स/यातायात खर्च प्रदान हुने भएकोले रीतपूर्वक आवेदन संकलन गरी आवधिक (मासिक/चौमासिक) रुपमा सोधभर्ना रकम नगर कार्यपालिकाबाट लिई उपलव्ध गराउनुहुन अनुरोध छ । उपरोक्त वमोजिमको खर्चका लागि भरतपुर महानगरपालिकाको वार्षिक नगर विकास योजनामा स्वास्थ्य तर्फ क्रम संख्या ५९ मा सुत्केरी हुने महिलाका लागि निशुल्क एम्बुलेन्स/यातायात खर्च शिर्षकमा रकम विनियोजन भएको व्यहोरा समेत अनुरोध छ ।

<u>एम्बुलेन्स/यातायात खर्च प्रदानका आधारहरु</u>

१. भरतपुर महानगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था वा भरतपुर महानगरपालिका भित्र रहेका नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थामा दक्ष प्रसुतीकर्मीको सहयोगमा प्रसुती सेवा लिएको हुनुपर्ने ।
२. अनुसुची १ अनुसार नियमानुसार आवेदन पेश गरेको हुनुपर्ने ।
३. महानगरपालिका भित्रको स्थायी बासिन्दा हुनुपर्ने ।

<u>एम्बुलेन्स/यातायात खर्च प्रदानको प्रक्रिया</u>

१. भरतपुर महानगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने महिलालाई निजको स्थायी ठेगाना/बसोवास रहेको सम्वन्धित वडा कार्यालय मार्फत सोधभर्ना रकम उपलव्ध गराउने ।
३. एम्बुलेन्स/यातायात खर्च बापत वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२ का सुत्केरी महिलालाई रु.१०००।- (अक्षरुपी एक हजार रुपैया मात्र), वडा नं. १३, १४, १५, १६, १७, १८, १९, २०, २१ र २२ का गर्भवती महिलालाई रु.१५००।- (अक्षरुपी एक हजार रुपैया पाँच सय मात्र) र वडा नं. २३, २४, २५, २६, २७, २८ र २९ का गर्भवती महिलालाई रु.२०००।- (अक्षरुपी दुई हजार रुपैया मात्र) सोधभर्ना रकम उपलव्ध गराउने ।

प्रेमराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

Scanned by CamScanner